ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

### ४ र ५ मंसीर २०७२ । भैरहवा, रुपन्देही

**प्रस्ताव क्रमाङ्क-१ शैक्षिक प्रस्ताव**

**"उच्च शिक्षाको वर्तमान अवस्था र आवश्यक सुधार"**

देशको समग्र विकासको आधार शिक्षाक्षेत्र हो, जुन क्षेत्र यस वर्ष हामी नेपालीहरुको लागि अत्यन्तै प्रतिकूल रहेको छ । बैशाख १२ गते गएको विनाशकारी भूकम्पको प्रभावबाट हजारौँको संख्यामा विद्यालय भवनहरुमा क्षति पुग्यो । कतिपय भवनहरु पूर्णतः क्षतिग्रस्त भए भने कतिपय भवनहरु आंशिकरुपमा क्षति भए, जसको कारणले लाखौं स्कूले बालबालिका पठनपाठनबाट बञ्चित हुन पुगे । भूकम्पको कारण कोमल बाल मस्तिष्कमा नकारात्मक प्रभाव परिरहेको छ । भूकम्प गएको सात महिना बितिसक्दा पनि सरकारले प्रभावित विद्यालयहरुको पुनर्निर्माणको कार्यलाई समयमा प्रभावकारीरुपमा सम्पन्न गर्न नसक्दा लाखौं बालबालिकाले उचित शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् जस प्रति प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

अर्कोतर्फ संविधानको घोषणापूर्व एवं संविधान घोषणा पश्चात् विभिन्न क्षेत्रमा विभिन्न समूह, संगठनले सञ्चालन गरिरहेका आन्दोलनका कारण शान्तिक्षेत्र विद्यालयहरु पूर्णरुपमा प्रभावित बन्न पुगेका छन् । महिनौं देखिको आन्दोलनका कारण मधेश लगायत देशका सम्पूर्ण विद्यालय बन्द रहेका छन् जसको कारण लाखौं विद्यार्थी शिक्षाबाट बञ्चित हुन पुगेका छन् । साथै विभिन्न आन्दोलनमा बालबालिकाको प्रयोगको कारण उनीहरुको बालमस्तिष्कमा नकारात्मक प्रभाव परिरहेको छ । जसले गर्दा देशको शैक्षिक अवस्था दिनप्रतिदिन धरासायी बन्दै गइरहेको छ । सरकारले शिक्षाक्षेत्रलाई शान्तिक्षेत्र घोषणा गरेता पनि त्यो व्यवहारमा लागू हुन सकेको छैन त्यसकारण शिक्षाक्षेत्रको यो लामो समयदेखिको अन्योलताको अन्त्य गर्दै सम्पूर्ण बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि शिक्षामन्त्रालय, नेपाल सरकार एवं सम्बन्धित पक्ष समक्ष विद्यार्थी परिषद्, जोडदार माग गर्दछ ।

गत २ वर्ष अगाडि देखि त्रि.वि.वि.ले केन्द्रीय विश्वविद्यालयमा प्रारम्भ गरेको सेमेष्टर प्रणाली यस वर्षदेखि देशभर लागू गर्ने निर्णय विश्वविद्यालयले गरिसकेको छ । वि.स. २०६२ देखि त्रि.वि.वि.को शैक्षिक क्यालेन्डर प्रभावित हुँदै आएको छ । जस कारण त्रि.वि.विका हरेक शैक्षिक गतिविधि प्रभावित र अन्योलग्रस्त छन् । एकतिर शैक्षिक गुणस्तरको वृद्धिका लागि तयार गरिएको शैक्षिक पात्रो कार्यान्वयन हुन सकेको छैन भने अर्कोतिर शिक्षा क्षेत्र सुधार भन्दै पुनः सेमेष्टर प्रणाली लागू गरिसकेको छ । शैक्षिक गुणस्तरको वृद्धिका लागि सेमेष्टर प्रणाली स्वागत योग्य हुँदा हुँदै पनि हाल सम्म स्नातक तह उत्तीर्ण गरेका पुराना र नयाँ विद्यार्थीको उच्च चापलाई सम्बोधन गर्न नसक्दा विद्यार्थीको भविष्य झन् अन्योलमा परिरहेको छ । पूर्वाधार तथा आवश्यक प्रशिक्षित जनशक्तिको अभाव विश्वविद्यालयमा बढ्दै गइरहेको छ । दुईवर्षदेखि त्रिविविमा सञ्चालन भइरहेको सेमेष्टर प्रणालीको प्रभावकारिता, सञ्चालन प्रणाली, व्यवस्थापकीय पक्ष आदिको विषयमा विश्लेषण एवं अध्ययन नै नगरी पुनः हचुवाको भरमा देशभर लागू गर्ने घोषणा गरिएको सेमेष्टर प्रणालीको प्रभावकारिता र औचित्य माथि पुन प्रश्न चिन्ह खडा भएको छ । अध्ययन एवं कार्ययोजना नबनाई लागू गरेको सेमेष्टर प्रणाली हजारौं विद्यार्थीको लागि कति प्रभावकारी एवं उपयोगी बन्न सक्छ ? साथै दुई वर्ष सम्म भर्ना नपाएर बसिरहेका स्नातक तह उत्तीर्ण विद्यार्थीको चापलाई कसरी व्यवस्थापन गर्नेछ विश्वविद्यालयले ? साथै राजधानीका कतिपय महत्वपूर्ण क्याम्पसहरुले विश्वविद्यालयले घोषणा गरेको सेमेष्टर प्रणालीलाई लागू नगर्ने भनिरहेको अवस्थामा देशभर पूर्णरुपमा लागू हुन सक्छ या सक्दैन ? त्यसतर्फ गम्भीर बन्दै घोषणा भइसकेको सेमेष्टर प्रणालीको बारेमा पुनर्अध्ययन गर्दै त्यसलाई व्यवस्थित र प्रभावकारीरुपमा पूर्वाधारको तयारी पश्चात् सञ्चालन गर्ने र गराउने वातावरण सिर्जना गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक विश्वविद्यालय तथा शिक्षामन्त्रालय समक्ष माग गर्दछ ।

शिक्षाक्षेत्रमा लामो समयदेखि व्याप्त दलीय राजनीतिक हस्तक्षेपका कारण नेपाल संस्कृत विश्वविद्यालय लगायतका विश्वविद्यालय पदाधिकारी विहिन रहेका छन्, छ महिना भन्दा बढि समयदेखि जारी तालाबन्दीका कारण प्रशासनिक एवं शैक्षिक गतिविधि सञ्चालन हुन सकेको छैन । नयाँ संविधानमा शिक्षालाई मौलिक हकमा राख्नु स्वागत योग्य छ । तर त्यसलाई व्यवहारमा लागू गर्नका लागि शिक्षाक्षेत्रको दलीय राजनीतिक हस्तक्षेप एवं भागबण्डाको खेलको अन्त्यका लागि नेपाल सरकार शिक्षा मन्त्रालय र सम्बन्धित पक्षलाई गम्भीर ध्यानाकर्षण गराउँदछ ।

व्यावसायिक सीपमूलक शिक्षा प्रदान गर्दै आएको सि.टी.ई.भि.टी को पाठ्यक्रम समयानुकूल परिमार्जनको आवश्यकता रहेको हुँदा उक्त पाठ्क्रमको परिमार्जनको प्रक्रियामा अगाडि बढ्नका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपाल सम्बन्धित पक्षको ध्यानाकषर्ण गराउँदछ। साथै पारम्परिक कौशलतालाई आधुनिकरण गर्दै स्वदेशमै स्वावलम्बी बन्ने र व्यावसायिक सीपको वृद्धि मार्फत् बेरोजगार उन्मूलनको बाटोमा अगाडि बढ्दै देशलाई आत्मनिर्भर बनाउनका लागि विद्यार्थी भर्ना कोटा वृद्धि गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जोडदार माग गर्दछ। साथै कोटा वृद्धि सँगै आवश्यक जनशक्ति तथा पूर्वाधारको एथोचित व्यवस्थापन गर्दै समाजमा यसको प्रभावकारिता र उपयोगिताको बारेमा अध्ययन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ।

देशभरका अधिकांश विश्वविद्यालय तथा क्याम्पसमा इतिहास, भूगोल, संस्कृति जस्ता विषय अध्ययन गर्ने विद्यार्थीहरुको आकर्षण न्यून रहेको अवस्थामा, उनीहरुमा जागृति र रुचि बढाउने नीति अवलम्बन गर्न विश्वविद्यालय र शिक्षा मन्त्रालय समक्ष जोडदार माग गर्दछ। भाषाको अध्ययनको नाममा विद्यार्थी भिसामा नेपाल आएर विदेशी विद्यार्थीहरु नेपालका दूर्गम गाउँमा गएर धर्मान्तरणको गतिविधिमा सक्रिय भइरहेका उदाहरणहरु प्रशस्त भेटिँदैछन् जसले गर्दा कालान्तरमा सामाजिक सद्भाव नै विथोलिने तथा स्थानीय भाषा र संस्कृति माथि नै गम्भीर संकट आउने हुँदा विद्यार्थी भिसामा नेपाल भित्रिने विद्यार्थीहरुको उचित व्यवस्थापन तथा नियन्त्रणका लागि प्रभावकारी संयन्त्र तयार गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ।

लामो समयदेखि चिकित्सा क्षेत्रमा मौलाउँदै गएको व्यापारीकरणलाई लिएर डा.गोविन्द के.सी.ले सञ्चालन गरिरहेको सकारात्मक आन्दोलन पश्चात् चिकित्साशास्त्र तथा सम्पूर्ण स्वाथ्य शिक्षाको स्तरोन्नति आदि विषयमा नेपाल सरकार र डा. गोविन्द केसी बीच भएको सम्झौताका विषयलाई तुरुन्त कार्यान्वयन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ।

"नेपाल आमाको-जय !"

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

**४ र ५ मंसीर २०७२। भैरहवा, रुपन्देही**

**प्रस्ताव क्रमाङ्क-२ : समसामयिक प्रस्ताव**

**देशको वर्तमान अवस्था र आगामी दिशा**

नेपाल यो वर्षको प्रारम्भ देखिनै प्राकृतिक विपत्ति, राजनीतिक अस्थिरता र तरलताले केही अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको छ। वि.स. २०७२ बैशाख १२ र २९ गतेको महाभूकम्पबाट ज्यान गुमाएका सम्पूर्ण नागरिक सुर्खेत, टिकापुर, मधेश आन्दोलनमा दिवङ्गत भएका सम्पूर्ण, नागरिक, सुरक्षाकर्मी, आन्दोलनकर्ताप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ।

महाभूकम्प तथा पराकम्पनका कारण हजारौँको ज्यान गुम्यो, हजारौँ घाइते भए, हजारौँ परिवार घरबार विहिन बन्न पुगे, जन, धनको ठूलो क्षति हुन पुग्यो, स्वास्थ्य चौकी, प्रहरी चौकी, स्कूल तथा अन्य प्रशासनिक भवनहरु क्षतिग्रस्त हुँदा आज पनि भूकम्प प्रभावित क्षेत्रका जनताको दैनिकी कष्टकररुपमा बितिरहेको छ। पुनर्निर्माणको काम प्रभावकारी रुपमा सञ्चालन हुन नसक्दा जाडोयामको प्रारम्भसँगै उक्त प्रभावित क्षेत्रका नागरिकको अवस्था झन् कष्टकर बन्दै गइरहेको छ, चिसोका कारण बालबालिका, वृद्धवृद्धा तथा बिरामीहरुको अवस्था दयनीय बन्दै गइरहेको छ, जसलाई तुरुन्त व्यवस्थापन गर्नका लागि पुनर्निर्माणको कार्यलाई तीव्रता दिँदै तत्कालका लागि उचित व्यवस्थापन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ। साथै भूकम्पको समयमा राहत तथा उद्धार कार्यमा नेपाल सरकार, प्रहरी प्रशासन, आर्मी, निजामती प्रशासन लगायत देशका सयौँ सामाजिक संघसंस्था, छिमेकी राष्ट्र, अखिल भारतीय विद्यार्थी परिषद्, सेवा इन्टरनेशनल, राष्ट्रिय स्वयमसेवक संघ, सेवा भारती लगाएतका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाले निर्वाह गरेको महत्वपूर्ण कार्य एवं राहत कार्यमा देशका सम्पूर्ण क्षेत्रका नागरिकले एकताको भावका साथ प्रस्तुत गर्दै पुऱ्याएको अतुलनीय सहयोगका लागि प्राज्ञिक विद्यार्थी परिषद, नेपाल हार्दिक आभार प्रकट गर्दछ।

प्राकृतिक विपत्तिको मौका छोपी उक्त भूकम्पपछिको संकटबाट प्रभुले उद्दार गर्छन् भन्दै, क्रिस्चियन धर्म प्रचारकहरुले भूकम्प प्रवाहित जिल्लाका अधिकांश क्षेत्रमा राहत कार्यक्रम सञ्चालन गर्ने नाममा बाइबल वितरण गर्ने, अभाव र समस्याको फाइदा उठाइ राहत, स्वास्थ्य उपचार आदि बहानामा जबरजस्ती धर्म परिवर्तन गराउने, बालबालिकाको संरक्षणको नाममा धर्म प्रचारमा प्रयोग गर्ने एवं स्थानीय धर्म संस्कृतिमाथि आक्रमण गर्ने कार्य तीव्र रुपमा सञ्चालन भइरहे र आजको दिनमा पनि विभिन्न उद्धार तथा पुनर्निर्माणको बहानामा सयौँको संख्यामा मिसनरी संघसंस्थाले उक्त प्रभावित जिल्लामा धार्मिक गतिविधि सञ्चालन गरिरहेका छन्। जेस्युइट जस्तो इसाई मिसनरी संस्थालाई सरकारको नियम विपरीत गएर उसका गतिविध सञ्चालनमा छुट दिनुले स्वयं सरकार एवं प्रशासनले नै उक्त कार्यलाई प्रोत्साहन दिइरहेको भान हुन्छ। जुन अमानवीय र घृणित कार्यको घोर भर्त्सना गर्दै त्यस्ता राष्ट्रहित विपरीत कार्य गर्ने संघसंस्थालाई कारवाहीको दायरामा ल्याउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ।

लामो समयको संक्रमणकालको अन्त्यसँगै नेपालमा संविधान घोषणा हुनु आँफैमा स्वागतपूर्ण कार्य र सुखद् क्षण हो। यो एउटा ऐतिहासिक र गौरवपूर्ण उपलब्धि हो। जसका लागि सम्पूर्ण राजनीतिक दल, तत्कालीन सरकार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। देशभर संविधान सुझाव संकलनको क्रममा धर्मनिरपेक्षता खारेजी, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, भूगोलको आधारमा संघीय संरचना आदि विषयमा ९५ प्रतिशत भन्दा बढि जनताले प्रस्तुत गरेका सुझावहरुको कदर नै नगरी संविधान मस्यौदा समितिले संवाद समितिमा नपठानु/छलफल नगरिनु र संविधानमा उक्त मागको सम्बोधन नहुनु, ९५ प्रतिशत जनताको सुझावको उपेक्षा गरिनुले नेपालको लोकतान्त्रिक अभ्यासको पूर्णतः अवमूल्यन गरेको छ। उक्त कार्यको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर भर्त्सना गर्दछ।

संविधान निर्माण प्रक्रियामा देशभरमा आ-आफ्ना माग र मुद्दालाई लिएर नयाँ संविधानमा सुनिश्चित गर्न गराउन विभिन्न क्षेत्र, समूह तथा संगठनहरुले आन्दोलन गरे र गरिरहेका छन्। संविधान घोषणाको दुई महिना बितिसक्दा पनि मधेशमा चलिरहेको आन्दोलनबाट उत्पन्न असहज परिस्थितिका कारण दर्जनौं नागरिक, सुरक्षाकर्मीको मृत्यु एवं देशका सम्पूर्ण

जनताको दैनिकी, स्वास्थ्य क्षेत्र, शिक्षाक्षेत्र आर्थिक अवस्था लगायतका महत्वपूर्ण क्षेत्र पूर्ण रुपमा धरासायी बन्दै गइरहँदा पनि उक्त समस्याको समाधानको सही मार्गमा अगाडि बढ्न नसक्नुले नेपाली राजनीतिक नेतृत्वको अदूरदर्शीता र लाचारीपनलाई पूर्णत प्रष्ट पारेको छ ।

आन्दोलनका क्रममा उठाएका उचित मागको सम्बोधन गर्दै राष्ट्रघाती र आधारहीन मागहरुलाई कारणसहित निषेध गर्दै संवाद र वार्ताको माध्यमबाट लोकतान्त्रिक र शान्तिपूर्ण तरिकाले समस्याको समाधान गर्नु दीर्घकालीन समाधान हो । तर देशको सरकारको महत्वपूर्ण पदमा बसेका उपप्रधानमन्त्री, मन्त्री लगायतका नेताको भ्रामक, अदूरदर्शी र लज्जास्पद बयानको कारण समस्या समाधानको दिशातर्फ अगाडि बढ्नु भन्दा झन् जटिल बन्दै गइरहेको छ । जुन कार्यको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर भर्त्सना गर्दछ ।

मधेश आन्दोलनलाई लिएर सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, अनलाइन पत्रिका, ब्लगआदि) मा प्रस्तुत भइरहेका अनावश्यक, आधारहीन, विवादित, मर्यादाविपरीत, अश्लिल, राष्ट्रहित विपरीत, भ्रामक, विभिन्न पोष्ट तथा सामाग्रीको कारणले समाजमा अनेकौं समस्या उत्पन्न भइरहेका छन् । देशको सामाजिक सद्भावलाई झन् भड्काउने र एक अर्कामा प्रतिशोधको भावना उत्पन्न गरिरहेका छन् । एक क्षेत्र र अर्को क्षेत्रका नागरिकको बीचमा वैमनस्यता र घृणाको भावना उत्पन्न गरिरहेका छन् जसले देशको सामाजिक अवस्था पूर्णतः गम्भीर बन्दै गइरहेको छ । जसको परिणाम देशका लागि गम्भीर बन्न सक्दछ तसर्थ समयमा नै यस्ता अनवाश्यक गतिविधिलाई रोक्नका लागि ठोस नीति निर्माण गरी त्यस्ता गतिविधिमाथि निगरानी राख्दै गलत व्यक्ति, सञ्चारगृहलाई कारवाहीको दायरामा ल्याउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक गृहमन्त्रालय एवं नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

नेपाल र भारतका कतिपय सञ्चारगृहले अनावश्यक रुपमा नेपालको मधेश आन्दोलनलाई लिएर प्रस्तुत गरेका भ्रामक समाचार र आधारहिन समाचारको कारण देशको समस्या झन् जटिल बन्दै गइरहेको छ । जसको कारण कतिपय सञ्चारगृहहरु नै प्रायोजितरुपमा प्रयोग भइरहेको देखिन्छ । जसले पीत पत्रकारिताको वृद्धि भइरहेको छ, सिंगो पत्रकारिताको विश्वसनियता र प्रामाणिकता प्रति नै गम्भीर प्रश्न चिन्ह खडा गरेको छ । यस्ता राष्ट्रहित गतिविधि सञ्चालन गर्ने सञ्चार गृहलाई कानुनी दायरामा ल्याई पूर्णतः प्रतिबन्ध लगाउनका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

नेपालको वर्तमान संकटपूर्ण अवस्था आउनमा नेपाली राजनीतिक नेतृत्व र भारतीय कुटनीतिज्ञका साथै राजनीतिक नेतृत्वको पूर्ण असफलताको परिणाम हो । त्यसलाई दुवै पक्षले स्वीकार गर्दै देशको यस संवेदनशील अवस्थामा नेपाल र भारतको उच्च राजनीतिक नेतृत्वले इमान्दारिताका साथ नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय एकता, अखण्डता, सुरक्षा र लोकतान्त्रिक पद्धतिको उच्च सम्मान गर्दै वर्तमानमा उत्पन्न भएका समस्या समाधानमा तुरुन्त प्रक्रिया अगाडि बढाउनु पर्दछ, साथै जाति, धर्म, सम्प्रदायका नाममा भएका गतिविधिले पहाडी र मधेशी बीचको भेद बढाएकाले सम्पूर्ण सामाजिक संगठन, राजनीतिक दल, सम्पूर्ण विद्यार्थी संगठन र नेपाल सरकारलाई सामाजिक सद्भाव कायम गर्ने किसिमका गतिविधि तथा अभियानहरु सञ्चालन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसमक्ष हार्दिक अपिल गर्दछ ।

नेपालमा बढिरहेको मानवीय संकट प्रति अन्तर्राष्ट्रिय जगतको ध्यान केन्द्रित भइरहेको छ । घरायसी समस्याकै कारण भएको तराई आन्दोलनको उग्र रुपले गर्दा देशमा असहज परिस्थिति सिर्जना भएको छ । समस्यालाई समस्याको रुपमा मात्र नहेरी यसलाई अवसर, चुनौतीको रुपमा बुझेर देशलाई स्वावलम्बन, परनिर्भताबाट विमुख बनाउँदै, विकसित राष्ट्रको रुपमा अघि बढ्नु आवश्यक छ । हालको परिस्थितिले नेपाल र नेपाली जनताको परनिर्भताको हद कहाँ सम्म र कति रहेछ भन्ने बुझ्न कठिन पर्दैन । पूर्ण रुपको परनिर्भताले निम्त्याउने समस्या, खोको राष्ट्रवाद, छिमेकीको परराष्ट्र नीति यावत विषय ऐनामा अनुहार हेरे झैं प्रष्ट भएको छ । देश जटिल अवस्थामा गुज्रिन पुगेको यथार्थलाई आत्मासात् र स्वीकार गर्दै यो राष्ट्रिय समस्याको रुपमा देखिएको समस्यालाई सदाका लागि समाधान गर्न नेपाल सरकारले ठोस कार्ययोजना र निर्णयको अवलम्वन गर्न नेपाल सरकार समक्ष प्राज्ञिक विद्यार्थी परषिद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

आन्दोलनका कारण नेपाल भारत सिमामा उत्पन्न असहज परिस्थितिको कारण ग्याँस, पेट्रोलियम पदार्थ तथा अन्य दैनिक उपभोग्य वस्तुको कालोबजारीले चरम सिमा नाघिसकेको छ । बजारमा सामाग्रीको मात्रा पर्याप्त हुँदा हुँदै पनि आपूर्ति अभावको कारण देखाइ कालोबजारी तीव्ररुपमा मौलाउँदै गइरहेको छ । जसलाई स्वयं सरकारी संयन्त्रले रोक्ने प्रयास नगर्दा

राजनीतिक दल स्वयंले यसलाई प्रोत्साहन गरिरहेको देखिन्छ। तसर्थ तुरुन्त बजारमा बढिरहेको कालोबजारीको अन्त्यका लाग सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछौं।

सरोगेसी गतिविधि नेपालमा प्रतिबन्ध लगाउन सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशको परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक स्वागत गर्दै समाजमा अझै पनि लुकीछिपी यस्ता गतिविधि भइरहेकाले यसको नियन्त्रणका लागि उचित संयन्त्र तयार गर्नका लागि परिषद् स्वास्थ्य मन्त्रलायसमक्ष जोडदार माग गर्दछौं।

विभिन्न समयमा देशमा भएका सरकारी कलकारखानालाई आर्थिक उदारीकरणका नाममा निजीक्षेत्रलाई हस्तान्तरण गर्ने कार्यले राजनीतिक दलहरु स्वयं व्यापारमा संलग्न भइरहेको कुरालाई प्रष्ट पारेको छ। जसको कारण देशका महत्वपूर्ण कलकारखानाहरु दिनप्रतिदिन बन्द हुँदै गइरहेका छन्, देशको अर्थतन्त्रमा गम्भीर संकट पैदा भइहरेको छ। जसको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दै ती कलकारखानालाई पुनः सञ्चालनमा ल्याउने ठोस कार्ययोजना तयार गर्नका लागि सरकार समक्ष जोडदार माग गर्दछ।

नेपाल आमाको जय !